# चिशंखुगढी गाउँपालिकाको संस्था दर्ता ऐन २०७५

गाउँ सभाबाट पारित मिति : २०७५।०३।१७

प्रमाणीकरण मिति : २०७५।५।२८

स्थानीय राजपत्रमा प्रकाशित मिति : २०७५। ।

**२०७५ सालको ऐन नं. ०३**

**प्रस्तावना** : सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) वमोजिम चिशंखुगढी गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :** (१) यस ऐनको नाम "संस्था दर्ता ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन चिशंखुगढी गाउँपालिका भित्र लागुहुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक,बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यवसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लव, मण्डल, परिषद्, अध्ययनकेन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउँछ ।

(ख) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चिशंखुगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ग) "प्रवन्ध समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति सम्झनुपर्छ ।

(घ) "तोकिएको" वा "तोकिएवमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएवमोजिम सम्झनुपर्छ ।

**३. दर्ता नगरी सस्था खोल्न नहुने** : यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्नु हुदैन ।

**४. सस्था दर्ता :** (१) संस्था दर्ता चाहने कुनै सात जना वा सो भन्दा वढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको दुई प्रति र तोकिएको दस्तुर सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछ :-

(क) संस्थाको नाम,

(ख) उद्देश्यहरु

(ग) प्रवन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

निशान्त शर्मा
अध्यक्ष

(घ) आर्थिक श्रोत,
(ङ) कार्यालयको ठेगाना ।
(२) उपदफा (१) बमोजिमको निबेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले आबश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी दर्ताको प्रमाण-पत्र दिनेछ ।
(३) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनु पर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतीस दिन भित्र त्यस्तो निर्णय उपर गाउँकार्यपालिका समक्ष उजूर गर्न सक्नेछ ।
(४) उपदफा (३) बमोजिमको उजूर प्राप्त भएपछि गाउँकार्यपालिकाले आबश्यक जांचबुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।
(५) यस दफा अन्तर्गत दिइने प्रमाण-पत्रको ढाँचा, अवधि, नबीकरण र नबीकरण दस्तूर तोकिए बमोजिम हुनेछ ।

**५. संगठित संस्था मानिने :** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अबिच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।
(२) संस्थाले ब्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचबिखन गर्न सक्नेछ ।
(३) संस्थाले ब्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

**६. संस्थाको सम्पत्ति :** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको बिधान बिरुद्ब संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाईदिन सक्नेछ ।
(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारवाईमा चित्त नबुझ्ने व्यक्तिले अदालतमा पुनरावेदन दिन सक्नेछ ।
(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्व कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा प्रमुख प्रशासकीय अधिकृतले प्रचलित कानून बमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

**७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :** (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भईरहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिनाभित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

**८. संस्थाको उद्देश्यहरुमा हेरफेर :** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको बिधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।
(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्तावसाधारण सभाबाट पारित भएको मानिनेछ ।
तर, सो प्रस्ताव लागु गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**९. हिसावको विवरण पठाउनु पर्ने :** प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष प्रमुख प्रशासकीय अधिकृत कहाँ पठाउनु पर्नेछ ।

**१०. हिसाव जाँच गर्ने :** (१) प्रमुख प्रशासकीय अधिकृतले आबश्यक देखेमा संस्थाको हिसाव आफूले नियुक्त गरेको कुनै अधिकृतद्वारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाव जाँच गराए वापत प्रमुख प्रशासकीय अधिकृतले हिसाव जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाइ आफूले निर्धारित गरेको दस्तूर असूल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाव जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्याद भित्र हिसाव जाँचेको प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतसमक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय प्रमुख प्रशासकीय अधिकृतललाई लागेमा निजले त्यस्तो पदाधकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानून बमोजिम कारवाई चलाउन सक्नेछ ।

तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन लगाउनेछ ।

**११. निर्देशन दिने :** नेपाल सरकारले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

**१२. दण्ड सजाय :** (१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही दुई हजार रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ९ बमोजिम हिसावको विवरण नपठाएमा प्रबन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही पाँचसय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

तर, कुनै सदस्यले दफा ९ उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाव जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई स्थानीय अधिकारीले पाँचसय रुपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

(४) दफा ८ बमोजिम प्रमुख प्रशासकीय अधिकृतको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्थासित गाभेमा वा संस्थाले आफ्नो उद्देश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा दिएको निर्देशन पालना नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

**१३. पुनरावेदन :** दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैतीस दिनभित्र अदालतमा पुनरावेदन लाग्नेछ ।

**१४. संस्थाको बिघटन वा त्यस्को परिणाम :** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा चिशंखुगढी गाउँपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व चिशंखुगढी गाउँपालिकाले व्यहोर्नेछ ।

**१५. नियम बनाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न चिशंखुगढी गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

**१६. अन्य नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नुर्पुपर्ने :** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा संघिय ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

**१७. खारेजी वा वा बचाउ :** (१) संस्था दर्ता ऐन,२०३४ अन्तर्गत दर्ता भएका संस्थाहरु यसै ऐन अन्तर्गत दर्ता भए सरह मानिने छ । सो को अभिलेखिकरण अनिवार्य गाउँपालिकामा गराउनु पर्ने छ ।

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम चिशंखुगढी गाउँसभाद्वारा पारित संस्थाहरुको स्थापना तथा दर्ता सम्बन्धमा व्यवस्था गर्न बनेको चिशंखुगढी संस्था दर्ता ऐन २०७५, यस चिशंखुगढी गाउँपालिका का अध्यक्ष श्री निशान्त शर्मा वास्तोलाज्यू बाट प्रमाणीकरण गरिएको छ ।

नाम :
पद :
दस्तखत :

निशान्त शर्मा
अध्यक्ष